अन्धकारमाथि विजयी बन्दै जानु



पाष्टरीय तालीम पुस्तिका

५७

तालीम र वृद्धि

T&M ®

दुइ राज्यहरु

परमेश्वरको वचनले दुइ परस्पर विरोधी आत्मिकी राज्यहरुको बारेमा बताएको छ, परमेश्वरको राज्य अनि शैतानको राज्य । हरेक व्यक्ति कुनै न कुनै राज्यमा अवश्य पर्दछ । (मत्ती १२:३०)

परमेश्वर हरेक थोकको सृष्टिकर्ता हुनुहुन्छ । प्रारम्भमा सबै कुरो सिद्ध थियो । उहाँ सार्वभौम हुनुहुन्थ्यो, अनि सधैं रहनु हुनेछ (यर्मिया १०:७), तर धर्मशास्त्रले प्रकट गर्दछ कि उहाँका प्रमुख स्वर्गदूतहरुमध्ये एकजना आफ्नो सुन्दरतामा घमण्डी बन्यो (इजकिएल २८:१४-१७) अनि भन्यो:

"म स्वर्गमा उक्लनेछु । परमेश्वरका तार हरुभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु । म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु ।" (यशैया १४:१३-१४)

त्यही समयदेखि, लुसिफर ("जो चम्कन्छ" यशैया १४:१२), शैतान (*"विरोधी"*) बन्यो अनि त्यसलाई स्वर्गमा निकालियो, जोसँग अरु धेरै स्वर्गदूतहरु पनि खसालियो ।

परमेश्वरले उहाँको सिद्ध अनि अचम्मको सौरमण्डल सृष्टि गर्नुभएपछि, यही शैतानले हाम्रा प्रथम पुर्खालाई परमेश्वरको वागी हुन परीक्षामा पाऱ्यो (उत्पत्ति ३:४, एफिसी २:२, १ यूहन्ना ३:८) अनि त्यसपछि, हरेक मानव जाति शैतानको र ाज्यको शक्तिको अधीनमा जन्मनु पऱ्यो । लुसिफरले पहिलो पाप आत्मिकी संसारमा गऱ्यो ।

यो के थियो ? _____

यो परिस्थितिलाई सामना गर्दै, परमेश्वरले एउटा निर्णय गर्नुभयो, अनिः

- शैतानको राज्य अनि त्यसका दुष्ट कार्यहरु नष्ट पार्न अनि परमेश्वरको राज्य स्थापित गर्न (मत्ती १२:३८), उहाँले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभयो (यूहन्ना १२:३१, १ यूहन्ना ३:८)।

- येशू ख्रीष्टले हाम्रो निम्ति क्रूसमा सजाय ग्रहण गर्नुभयो, अनि हामीलाई शैतानको राज्यबाट छुटकारा दिलाउनु भयो (कलस्सी १:१३-१४, २:१५, हिब्रू २:१४-१५)।

"स्वर्ग र पृथ्वीमा समस्त अधिकार उहाँलाई दिइएको" हुनाले पुनरुत्थानको बेला येशू *"शक्तिमा परमेश्वरको पुत्र"* ठहरिनुभयो । (रोमी १:४, मत्ती २८:१८)

- अब, जसै हामीले हाम्रा पापहरुको निम्ति पश्चाताप गर्दछौं अनि येशू ख्रीष्टमा विश्वास गर्दछौं, हामीले शैतानको राज्य त्यागेर परमेश्वरको राज्यमा प्रवेश गर्दछौं । (यूहन्ना ३:५)

- यसरी, मण्डलीको सेवकाइद्वारा शैतानको राज्य नष्ट हुँदै जान्छ अनि परमेश्वरको राज्यको वृद्धि हुँदैजान्छ । (मत्ती १०:१-८, एफिसी ३:१०, १ यूहन्ना ३:८)

- जब प्रभु येशू फेरि आउनु हुनेछ, परमेश्वरको राज्य ईश्वरीय शक्तिमा स्थापित हुनेछ, अनि शैतान र त्यसको राज्य अनन्त रुपमा नष्ट हुनेछ । (मत्ती १३:३६-४३, प्रकाश २०:७-१०)

यी दुइ विरोधी राज्यहरुमा, कुन चाहिँ विजयी ठहरिएको छ ?

शैतानको राज्य

राज्यको रुपमा, शैतानहरुमा पनि विभिन्न तहका अधिकार र शक्ति हुन्छ:

"किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन, तर प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टचाइँका आत्मिक सेनाहरुका विरुद्ध हो ।"

(एफिसी ६:१२)

- परमेश्वरको विरुद्ध लडाइँ गर्ने दुष्टताका सेनाहरुको र ाजकुमार चाहिँ शैतान हो । (एफिसी २:२)। त्यो चाहिँ *"यस संसारको देव"* हो । (२ कोरन्थी ४:४)

- शैतानको अधीनमा अन्धकारका सांसारिक शासकहरु, प्रधानताहरु, अनि शक्तिहरु छन् (एफिसी ६:१२)। तिनीहरु सारा संसारमा प्रभाव जमाउन छरिएर रहेका छन्, अनि सारा शैतानिक क्रियाकलापहरु संचालन गर्न चाहन्छन् ।

- तिनीहरुकै अधीनमा रहेका शैतानिक शक्ति (भूतहरु) ले मानिसहरुलाई सोझै प्रभाव पारेर रोगहरु, अत्याचार, परीक्षा, संघर्ष अनि झूटा शिक्षाहरु फैलाउने कामहरु गरिरहेका छन् । (एफिसी ६:१२, १ तिमोथी ४:१)

भूत (पिशाच)हरु कस्ता हुन्छन् ?

नयाँ करारअनुसार भूत (पिशाच)हरु निम्न अनुसारका हुन्छन्:

- आत्माहरु हुन्छन् (शरीर हुँदैन, मत्ती १२:४३, लूका २४:३९)।

- दुष्ट हुन्छन् (हत्याराहरु अनि झूट बोल्नेहरु, मत्ती १२:४३-४५, प्रेरित ८:७, प्रकाश १६:१३-१४)।

- दैविय शक्ति र सामर्थ्य भएका हुन्छन् (मर्कूस ५:४, लूका ८:२९, प्रेरित १९:१३-१६)।

- ज्ञानी हुन्छन् (प्रेरित १६, १९:१५-१६)।

तिनीहरु शक्तिशाली भए तापनि, परमेश्वरले तिनीहरुको शक्तिलाई सीमित पारिदिनुभएको छ । कहिले काही दुष्टै भए पनि, शैतान परमेश्वरसित बराबरको नै छ भनेर गलत पाराले सोचिएको हुन्छ । यसो होइन, किनकि शैतानहरु:

- सृष्टि गरिएका जीवहरु (पतित स्वर्गदूतहरु) हुन्, अनि यसैकारण सर्वशक्तिमान होइनन्, नता तिनीहरु एक पल्टमा चारैतिर पुग्नसक्छन्, नता तिनीहरुले परमेश्वरले झैं हरेक कुरो गर्न सक्छन् ।

- येशूको नाउँको अधीनतामा आउनैपर्छ (मर्कूस ३:११,१२, मर्कूस ५:७, लूका ४:३६, १०:१७-२०)।

- अनुमतिविना केही पनि गर्न सक्तैनन् ।

- आफ्ना नियति जान्छन् : अनन्त आगो (मत्ती ८:२९, २५:४१, याकूब २:१९)।

- यदि हामीले प्रभुमा भएर त्यसको विरोध गऱ्यौं भने त्यो भाग्नेछ (याकूब ४:७)।

तल दिइएका भनाइहरु सत्य हुन् कि झूटा, लेख्नोस्:

भूत (पिशाच) हरु

१.	मरेका मानिसहरुका आत्माहरु हुन् ।	स	झू
२.	पतित स्वर्गदूतहरु हुन् ।	स	झू
३.	पशुहरुका आत्माहरु हुन् ।	स	झू
४.	सर्वशक्तिमान हुन्छन् ।	स	झू
५.	केही चकचके तर राम्रा हुन्छन् ।	स	झू
६.	जित्न नसकिने हुन्छन् ।	स	झू

उत्तरहरु: १–झू, २–स, ३–झू, ४–झू, ५–झू, ६–झू

शैतान र त्यसका भूतहरुले हामीलाई कसरी प्रभाव पार्दछन् ?

मानव समाज शैतानको प्रथम शिकार हो । त्यसले र ष्ट्रहरुलाई लडाइँको निम्ति उक्साउँछ (प्रकाश २०:७-८)। घृणा, अन्याय, जस्तै भ्रूणहत्या, समलैङ्गिकताको कानूनी मान्यता, जातीय अनि सामाजिक वैरभाव, इत्यादि पिशाचका सिद्धान्तहरु हुन् (१ इतिहास २१:१)। मानव पापको दोषबाहेक, मानव जातिको अरु समस्याहरु पिशाचद्वारा प्रेरित सिद्धान्तहरुमा आधारित हुन्छन् । उदाहरणको लागि, गरिबीपन हटाउन सकिन्छ, तर शैतानले यसलाई रोक्दछ, अनि गरिबीपनको डरलाग्दो वृत्तमा समाजलाई राख्दछ:



त्यही समयमा, शैतानले धनीहरुलाई भौतिकवादको डरलाग्दो वृत्तभित्र फसाएर राखेको हुन्छः



परमेश्वरले सृष्टि गर्नुभएको सबै काम नष्ट पार्न पिशाचहरुले आक्रमण गर्दछन् । *"तिमीहरुको शत्रु शैतान कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैं खोजिहिँड्छ ।"* (१ पत्रुस ५:८)

उदाहरणको लागि, शैतानले यसो गर्नसक्छ:

- दुर्घटनाहरु, अलौकिक चमत्कारहरु, बिरामीहरु, आक्षेपहरु ल्याउने काम ।

- तान्त्रिक कुराहरुद्वारा भुल्याउने । (प्रेरित १६:१६-१८)

- सुसमाचारको विरोध गर्न अनि झूटा सिद्धान्तमा विश्वास गर्न मानिसहरुलाई प्रभाव पार्दछ । (रोमी १:२१-२२, २ कोरन्थी ४:४, १ तिमोथी ४:१, यूहन्ना ८:४४)

- सतावट अनि जाँचहरु ल्याउन उक्साउने, ताकि इसाईहरु उनीहरुको विश्वास त्याग्नको निम्ति परीक्षामा परुन् । (मत्ती २४:१२-१३, प्रकाश १२:१७)

- परमेश्वरबाट पठाइएको स्वर्गदूतलाई रोक्नसकून्, जस्तै दानिएलको सहायताको निम्ति पठाइएको दूतलाई (दानिएल १०:१-१५)

- शारीरिक कष्टहरु पुऱ्याउन् जस्तै गूङ्गापन, अन्धोपन (मत्ती ९:३२, १२:२२), पक्षवात (मर्कूस ९:१४-२९), कुप्रोपन (लूका १३:१०-१७), इत्यादि । सबै रोगहरु शैतानबाट नै हुन्छ भनेको होइन । तर, तिनीहरुले हाम्रो व्यक्तित्वलाई विनाश पार्न सक्छ ।
  (१ शमूएल १६:१४-२३)

शैतानलाई "परीक्षा गर्ने" पनि भनिन्छः

(मत्ती ४:३), अनि कहिले काहीँ निम्न उद्देश्य हासिल गर्न *"ज्योतिको स्वर्गदूत"* को भेष धारण गर्दछः

- हाम्रो पापमय मानव स्वभावमा काम गर्दै (प्रेरित ५:३, १ इतिहास २१:१), हामीलाई पापको निम्ति परीक्षा गर्न (एफिसी २:१-३)। मानिसहरुले जति बढी पाप गर्दछन्, त्यति नै बढी तिनीहरु शैतानिक परीक्षाको निम्ति दास बन्दछन् (यूहन्ना ८:३४)।

- परमेश्वरका छोराछोरीहरुमा शङ्का र अविश्वास रोपिदिन । (उत्पत्ति ३:१-५, प्रकाश १२:१०-१२)

- परमेश्वरका योजनाहरुमा बाधा ल्याउने प्रयास गर्न विश्वासीहरुमाझ झगडा, अलमल अनि रीस रोप्ने काम गर्न । (मत्ती १३:२४-३०, ३६-४३)

- विश्वासीहरुमाझ गडबड ल्याउन झूटा आत्मिकी वरदानहरु उत्पन्न गर्न । (मत्ती २४:२४, २ कोरन्थी ११:१३-१५)

- विभिन्न रुपमा तान्त्रिक विद्या फैलाउन ।

शैतानले मानिसहरुलाई जुन नाजुक रुपमा सताउँछ, धर्मशास्त्रले त्यसलाई शैतानीकरण भनेको छ । व्यक्तिलाई प्रभावमा ल्याउँछ, कष्ट दिन्छ, अथवा नियन्त्रणमा राख्छ ।

शैतानीकरणका विभिन्न डिग्रीहरु छन्– कुनै पनि व्यक्तिलाई घरिघरि दुःख दिइरहने खराब इच्छादेखि लिएर पूर्ण रुपमा नियन्त्रणमा लिनु । कतिले यसलाई "भूतात्मा लागेका" पनि भन्दछन् ।

बाइबलको मौलिक ग्रीक भाषामा "भूतात्मा लागेको" भनेको छैन, तर "भूतात्मा भएको" अथवा "भूतात्माको प्रभावमा" भनिएको छ ।

यसमध्ये चल्तीमा भएको चाहिँ "भूतात्माको प्रभावमा" हुनु हो । उदाहरणको लागि, केही नैतिक कमजोरीहरु, अथवा पापहरु जो ईमान्दारपूर्वक पश्चाताप गर्दागर्दै पनि छाइरहन्छ । यस्तो बेला शैतानिक प्रभाव कम गरेर नै हामी मानिसहरुलाई छुटकारा दिलाउन सक्छौं ।

कसरी भूतात्माहरु मानिसहरुमा प्रवेश गर्दछन् ?

विभिन्न परिस्थितिहरुद्वारा शैतानिक प्रभावले प्रवेश गर्ने मौका पाउँछ । यसमध्ये तान्त्रिक विद्या अथवा आत्मावादमा प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा संलग्न हुनु एक हो । (प्रस्थान २०:३-५, लेवी १९:३१, २०:६-८, व्यवस्था १८:९-१४)

उदाहरणहरु:

- ज्योतिषविद्या अनि कुण्डली ।
- कालो अथवा सेतो जादू ।
- मरेका मानिसहरुको भूतात्माहरुसित बोल्न अथवा सम्पर्क राख्ने प्रयास गर्ने ।

- हात-हेराउने ।
- औजा ।
- तासद्वारा भविष्य बताउने ।
- मानसिक खेल (मानिसहरुको मनसित खेल्ने)।
- जन्तर-मन्तर र बोक्सी विद्या ।
- दूरदर्शी र भविष्य बताउने ।
- अइसाई तरिकामा निको पार्ने ।
- शैतानिक पन्थहरु ।
- तन्मयावस्थाहरु ।
- योगा (अभ्यास र दर्शन)।
- अप्राकृतिक अभ्यासहरु जस्तै हावामा अड्नु, मोहनिद्रा अनि अन्तरयाम शास्त्र (मानसिक शक्ति प्रयोग गरेर थोकहरुलाई सार्नु)।

- बाल्यावस्थामा हुने दुरुपयोग तथा नैतिक चूक जस्तै हाडनाता करणी, मतवालापन, तथा आमाबाबु अथवा आफन्तहरुबाट हुन जाने अन्य प्रकारका बाल दुरुपयोगले प्रायः जसो अनियन्त्रित क्रोध, स्व-घृणा, अनि अरुहरुप्रति घृणा उत्पन्न गराउँछ। शैतानिक प्रभावको लागि यो अति मलिलो भूमि हो।

- विकृत अथवा आत्महत्या सम्बन्धी विचारमा लागिरहने, यौनजन्य लोभ, अश्लील साहित्य, यौन विकृतिहरु (व्यभिचार, लिङ्ग परिवर्तन, समलैङ्गिकता, पाशविकता, इत्यादि), घिचुवा, मतवालीपन अनि लागू पदार्थ दुर्व्यसनी, इत्यादि।

- अति अथवा दृढ आग्रहपूर्वक भावनाहरुः जस्तै डर, उदासी, चिन्ता अनि रीस।

- शैतानको आराधना अथवा जहाँ शैतानलाई आदर दिइन्छ।

- पारिवारिक प्रभाव। प्रस्थान २०:५ ले भन्दछः *"...म पर मप्रभु तिमीहरुका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरुका सन्तानहरुलाई उनीहरुका तेस्रो र चौथो*

पुस्तासम्म दिनेछु ।" मतवालाहरुका नानीहरुमध्ये धेरै प्रतिशत नानीहरु मतवालाहरु नै बन्दछन् । तिनीहरुको समस्याको भारीमाथि शैतानिक प्रभाव अरु भारी भएर आउँछ ।

- आफन्तहरु, शिक्षकहरु, छिमेकीहरु अथवा कुनै प्रकारका तन्त्रमन्त्रद्वारा पाएको शरापले ग्रस्त हुनु ।

भूतात्मा लागेको व्यक्तिलाई कसरी चिन्नु ?

कति इसाईहरुले जहीँ तहीँ शैतानहरु देख्दछन् अथवा कति पटक चाहिँ शारीरिक अनि मानसिक बिरामी पनि शैतानिक क्रियाकलापद्वारा हो कि भनेर अलमलमा पर्दछन् । उदाहरणको लागि, मगजको धमनी, वृद्धत्वको कारण मनको कमजोरी देखापर्ने सिल्लीपन, अथवा कतिपय रासायनिक

असन्तुलनको कारण दुष्प्रभाव परेको व्यक्तित्व, अथवा यस्तै प्रकारका अरु रोग लागेका व्यक्तिहरुलाई शैतानिक हमला भएको ठानिन्छ। यसकारण समस्याको खास जरालाई चिन्नको निम्ति हामी होशियार हुनुपर्छ। कति अवस्थामा, हामीले मेडिकल परामर्श लिनु जरुरी हुन्छ।

लूका ८:२६-३९ पढ्नोस्। दुष्प्रभाव परेको व्यक्तिमा तल दिइएका कतिपय चिन्हहरु हुनसक्छन्:

- आफ्नो जीवनमाथि केही नियन्त्रण रहेको हुन्छ। शैतानबाट पेलिएको व्यक्ति निको हुने आशामा येशूकहाँ जान्छ। (पद २७)

- यस्तो कष्ट कहिले काहीं मात्र हुन्छ। कहिले काहीं त्यो व्यक्तिलाई बोल्न अथवा सुन्नमा बाधा पुऱ्याउँछ। (मर्कूस ९:२५, लूका ११:१४) साथै यसबाट पक्षवातमा झैं बेहोस गराउने काम पनि हुन्छ, जस्तैः लड्ने, कडा हुने, कराउने, मुखबाट फींज काड्ने। उदाहरणको लागि, पद २८ ले भन्छ कि त्यो मान्छे *"चिच्च्याएर उहाँको सामु घोप्टो परी उच्च सोरले भन्यो..."*

- कहिले काहीँ मानिसहरुले आफैमाथि चोट पुऱ्याउँछन् । उदाहरणको लागि, मर्कूस ५:५ अनुसार, भूतात्मा लागेको व्यक्तिले आफैलाई ढुङ्गाले काटेको थियो । यस्ता आक्रमणहरु केही मिनट अथवा केही दिनसम्म हुनसक्छ, अनि पवित्र आत्माको उपस्थितिको बेला, विशेष गरी मण्डली सभाहरुमा हुनसक्छ । (मर्कूस १:२१-२४)

- कसैमा अचम्मकै सामर्थ्य पनि हुनसक्छ, उदाहरणको लागि, लूका ८:२९ ले भन्दछ कि गेरासेनसको मानिसले त साङलाको बन्धन पनि चुँडालिदिन्थ्यो ।

- कुनै व्यक्तिमार्फत भूतात्मा बोलेर येशूको विरोध पनि गर्नसक्छ । लूका ८:२८ मा भूतात्मा यसरी बोलेको छ: *"हे सर्वोच्च परमेश्वरका पुत्र येशू, तपाईंको मसँग के काम ? बिन्ती गर्दछु, मलाई नसताउनुहोस् ।"*

- मानिसहरुले आफ्नै होइन तर अरुहरुको स्वरमा अरुहरुको भाषामा पनि बोल्नसक्छन् । उदाहरणको लागि, एक पुरुषले स्त्रीको स्वरमा, अथवा पशुको आवाज निकालेर बोल्न सक्छ । पद २८ मा त्यो मानिस *"उच्च स्वरले कराइरहेको थियो"*, सधैं बोल्ने लवजमा होइन ।

- साधारण व्यक्तिमा नहुने किसिमको ज्ञान र शक्ति त्यसमा हुनसक्छ । उदाहरणको लागि, त्यसले येशूलाई अघि कहिल्यै नभेटेको भए तापनि तुरन्तै त्यसले येशूलाई चिनिहाल्यो ।

- कुनै चाहिँ नैतिक पतन भएको अथवा यौनजन्य पापमा फसेको हुनसक्छ । उदाहरणको लागि, गेरासेनसको मानिसमा कुनै आचरण पटक्क थिएन अनि *"त्यसले धेरै समयदेखि लुगा लाउँदैनथ्यो ।"* (पद २७)

- एक व्यक्ति एकभन्दा अधिक भूतात्माहरुद्वारा सताइएको हुनसक्छ । जब प्रभुले गेरासेनसको मानिसलाई सोध्नुभयो, *"तेरो नाउँ के हो ?" त्यो व्यक्तिमार्फत भूतात्माले उत्तर दियो, "फौज, किनकि तिनीहरु धेरै थिए"* (पद ३०) (एक रोमी फौज ६ हजार सिपाहींहरु मिलेर बनिएको हुन्छ ।)

- स्व-घृणाको चरम अभिव्यक्ति, क्षमा स्वीकार नगर्ने, तितोपना, रीस अनि अनादर ।

- मेडिकल उपचार गर्न नमिल्ने कतिपय जीर्ण रोग आदि जो पुस्तौंदेखि सर्दै आएको हुन्छ ।

- येशूको खीष्टको नाउँ अथवा व्यक्तिको अतिशय इन्कार अथवा प्रतिक्रिया ।

सावधानी कुनै व्यक्तिलाई कुनै समस्या हुने बित्तिकै उसलाई भूतात्माले सताएछ भनेर हामीले ठान्नु हुँदैन ! सबैले पाप गरेका छन् अनि हरेक पापको लागि हामीले भूतात्मालाई दोष लाउन सक्तैनौं । यदि हामी अनिश्चित छौं भने, हामीले त्यस कष्टबाट छुटकाराको लागि प्रार्थना मात्र गरौं अनि यस प्रकारको चङ्गाइमा पोख्त विश्वासीहरुबाट सहयोग हासिल गरौं ।

भूतात्मा लागेको व्यक्ति तर्कहीन पारामा कुनै प्रकारको विनाशकारी झूटको सहारा लिने गर्छ । यो झूट नै तिनीहरुको तर्कहीनता अनि विनाशकारी व्यवहारको मूल आधार हुन्छ । खीष्टको बारेमा सत्य सुसमाचार सुन्दा तिनीहरु विना कारण चिडिने गर्दछन् ।

मानिसहरुमा भूतात्मा नभएको बेला तिमीहरुमा भूतात्मा छ भनिदिँदा हामीले उनीहरुमा चोट पुऱ्याउँदछौं । यसबाट उनीहरुमा, विशेष गरी नानीहरुमा, भएको नराम्रो बानीको निम्ति बहाना मिल्छ अनि, उनीहरुमा यस्तो नैराश्य छाउँछ कि उनीहरुले सुधिने प्रयास नै नगर्लान् । दुष्टात्माप्रति नचाहिँदो ध्यान दिँदा तिनीहरु त्यतैपट्टि आकर्षित हुनसक्छन् अनि अझ बढी चोट ल्याउन सक्छ । लूका १०:२० मा भूतात्माहरुमा बढी अभिरुची लिनेहरुलाई येशूले चेताउनी दिनुभयो ।

के एक इसाई पूर्ण रुपमा भूतात्माले "भरिएको" हुनसक्छ ?

परमेश्वरले आफ्ना सन्तानहरुको स्वमित्व लिनुहुन्छ र सुरक्षा गर्नुहुन्छ, अनि उनीहरुको कुनै क्षेत्रमा मात्र कष्ट दिने अनुमति दिनुहुन्छ, जस्तै अय्यूबको जीवनमा भएको थियो । दुष्टात्माहरुले इसाईहरुलाई आक्रमण गर्दछन् अनि कोही पनि यो परीक्षाबाट बँच्न सक्तैनन्, जस्तो कि यस पृथ्वीमा हुनुहुँदा येशू स्वयं पनि त्यस परीक्षामा पर्नुभयो ! तर हामी अर्को र ाज्यका हौं, अनि परमेश्वरका सन्तान हौं । हामी नयाँ सृष्टि हौं, अनि पवित्र आत्माको मन्दिर हौं (१ कोरन्थी ६:१९, २ कोर न्थी ५:१७) अनि जसमा पवित्र आत्माले बास गरिरहनु भएको हुन्छ उसलाई दुष्टात्माले कहिल्यै पनि पूर्ण रुपमा नियन्त्रणमा ल्याउन अनि आफ्नो बनाउन सक्तैन ।

तरै पनि, यदि कुनै इसाई गम्भीर पापमा लागिरहन्छ अनि स्वीकार गर्नलाई इन्कार गर्दछ भने, उ कष्टित हुँदछ अनि शैतानको प्रभावमा परेर उ प्रभुको बाटोदेखि टाडिन पनि सक्छ । भूतात्माहरुले पवित्र आत्मालाई हटाएर पूर्ण रुपमा नियन्त्रण गर्न नसके पछि इसाईको व्यक्तित्वको कुनै भागमा खुट्टा हाल्न सफल बन्न सक्छ । हामी भूतात्माको शक्तिबाट स्वतन्त्र

पारिएका छौं, तैपनि यदि हामीले परमेश्वरको हातहतियार धार ण गरेनौं भने (एफिसी ६:१३-१८) यसको दुष्प्रभावमा पर्नेछौं ।

इस्राएलको राजा शाऊल पवित्र आत्माद्वारा अभिषिक्त भएका अनि अगमवाणी भएका व्यक्ति थिए (१ शमूएल १०:१, ९-१३)। तर १ शमूएलमा परमेश्वरको आज्ञा उल्लङ्घन गरेपछि, उसलाई दुष्टात्माले कष्ट दिन थालेको थियो (१ शमूएल १६:१४) अनि उसलाई भूतात्मा लागेका कतिपय चिन्हहरु देखा परे: रीसले भरिएर आक्रमण गर्ने, हत्या गर्ने व्यवहार, अतिशय डर, आदि ।

तरैपनि, हामी ढुक्कसंग भन्न सक्छौं कि पवित्र आत्माले भरि एको इसाई:

- ☐ पूर्ण रुपमा शैतानको स्वमित्वमा भएको अनि नियन्त्रित भएको हुनसक्छ ।
- ☐ शैतानद्वारा कष्टित भएको, तर पूर्ण रुपमा शैतानको "स्वमित्व" मा नभएको हुनसक्छ ।

उत्तर: परमेश्वरको साँचो सन्तानलाई शैतानले दु:ख दिनसक्छ, तर त्यसको स्वामित्वमा कहिल्यै पर्दैन ।

परमेश्वरको राज्य



हामीले माथि बताएका सबै डरलाग्दा कुराहरु हुँदाहुँदै, हाम्रा प्रभु येशू ख्रीष्टले शैतानलाई क्रूसमा पराजित गर्नुभई कैदमा परेकाहरुलाई छुटकारा दिलाउनु भएको वास्तविकतालाई हामीले बिर्सनु हुन्न । (लूका ४:१८-२०, एफिसी १:२०-२२, कलस्सी २:१३-१५, हिब्रू २:१४-१५)

जब ख्रीष्ट बौरी उठेर माथि जानुभयो, *"उहाँले कैदमा भएकाहरुलाई पनि लानुभयो ।"* (एफिसी ४:८) उहाँको विजयमा सहभागी बन्दै, ख्रीष्टको विजयलाई फैलाउँदै, हामी अघि बढ्न सक्छौं ।

आत्मिकी युद्ध

शैतानको राज्यलाई हामीले पुऱ्याउन सक्ने सबैभन्दा ठूलो नोक्सानी संसारमा सुसमाचार प्रचारद्वारा हुनजान्छ । हामी शैतानिक शक्तिसित लगातार युद्धमा छौं । विजयी बन्नको

लागि हामीले निरन्तर प्रार्थना गर्नुपर्दछ, आवश्यक परे उपवास बस्नुपर्दछ, परमेश्वरको वचन पालन गर्नुपर्छ अनि पाप र शैतानबाट ख्रीष्टमा स्वतन्त्रता घोषणा गर्नुपर्दछ ।

हाम्रा प्रभुको निम्ति जिउँदो बलिदानको रुपमा सेवा गर्दै, अनि दुष्ट विचारहरुबाट हाम्रा मनहरुलाई शुद्ध पार्दै, हामी हाम्रा जीवनमा संघर्षरत रहन्छौं ।

जसै हामीले हाम्रा प्रियहरुसित दिनहुँ वचन पढ्दा, छलफल गर्दा, उनीहरुसित प्रार्थना गर्दा, अनि उनीहरुको गोठालो गर्दा, हामीले हाम्रा घरहरुमा संघर्ष गर्दछौं ।

त्यसै गरी, परमेश्वरले दिनुभएको हतियार प्रयोग गर्न पर मेश्वरका जनहरुलाई सहयोग गरेर (एफिसी ६:१०-१८), शैतानको मुख्य निशाना मण्डलीमा पनि हामीले शैतानसित संघर्ष गरिरहेका हुन्छौं (प्रकाश १२:१२-१७)।

पापले ग्रस्त भएको अनि सुसमाचार प्रचारमा बाधा पुगेको समाजमा पनि हामीले संघर्ष गर्नु पर्ने हुन्छ । मण्डलीले

उपवास र प्रार्थनाद्वारा यस्तै ठाउँहरुमा भएको शैतानको जाललाई छिन्नभिन्न पार्नुपर्दछ, अनि खीष्टको विजय र शैतानको हार घोषणा गर्नुपर्दछ । (प्रकाश २:१३) हामीले सर कारको लागि, शान्तिको र न्यायको लागि अनि सुसमाचारको निम्ति ढोकाहरु खोलिऊन् भने प्रार्थना गर्नुपर्दछ । (१ तिमोथी २:१-७)

हामीले उनीहरुलाई दुष्टात्माको प्रभावबाट स्वतन्त्र पार्नु अथवा "छुटकारा दिनु" पनि शैतानमाथि विजय दाबी गर्न पर मेश्वरको राज्यले गर्नुपर्ने एउटा काम हो । राज्य, शक्ति अनि महिमा परमेश्वरको हो अनि हाम्रो होइन । यसकारण यो सेवकाइ परमेश्वरको हो, हाम्रो होइन ।

खीष्टले आफ्ना सेवकहरुलाई दिनुभएको शक्ति अनुसार, शैतानद्वारा पेलिएका मानिसहरुलाई सहयोग हरेक इसाई गर्न तयार हुनुपर्छ । तर यो सेवकाइलाई त्यति हलुकासँग पनि लिनुहुन्न । आवश्यक परेमा, यस्ता सेवकाइमा अनुभव प्राप्त परिपक्व इसाईहरुको सहयोग लिनको निम्ति सल्लाह दिँदछौं ।

हरेक अवस्थामा, आत्मिकी युद्ध लड्न अघि, हरेक इसाई सेवकले निम्न कुराहरु गरेको हुनुपर्छः

- हरेक पाप स्वीकार गरेर त्यागेको हुनुपर्छ ।
- प्रार्थना गर्ने अनि उसले सामना गर्नुपर्ने कुरो उसलाई अघिबाटै थाहा भएमा, सम्भव भए अरु विश्वासीहरुसित मिली उपवास पनि बस्ने । (मर्कूस ९:२९)
- प्रभुले उसलाई दिनुभएको "भूतात्माहरु धपाउने" अधिकार दाबी गर्ने (मर्कूस ३:१३-१५, लूका १०:१७-२०)
- परमेश्वरको अघि आफैलाई नम्र पार्ने, उहाँको शक्तिमा भरोसा गर्ने ।
- येशूले शैतान र त्यसका भूतात्माहरुलाई पराजित गर्नुभयो भनी मानिलिने । (कलस्सी २:१५)
- परमेश्वरको सुरक्षा अनि उहाँले दिनुभएको हतियार प्रयोग गर्नको निम्ति प्रार्थना गर्ने ।

हाम्रा आत्मिकी हतियार

परमेश्वरले आफ्ना सन्तानको लागि, तिनीहरुको आत्मिकी युद्धको लागि, आत्मिकी सुरक्षा प्रदान गर्नुभएको छ। शैतान अनि त्यसका सेनाहरुको सामना गर्न, हामी प्रभुको शक्तिमा सामर्थ्यवान हुनै पर्छ। हामी आफ्नै खुबीमा भर नपरेर, उहाँले उपलब्ध गराउनु भएका सारा हातहतियारहरु धारण गर्नुपर्छ। पढ्नोस् एफिसी ६:१०-२०

सत्यताको पेटी

पेटीले लुगा र हतियारलाई ठीक ठाउँमा राख्छ। परमेश्वरका सन्तानको हैसियतमा हामीले सत्यताको पेटी कस्नु पर्छ, अनि उहाँको पछि लाग्नुपर्छ जसले भन्नुभयो: *"सत्य मै हुँ...।"*

यसको अर्थ यही हो कि हामी हाम्रो विश्वासमा ईमान्दारी र विश्वासयोग्य हुनुपर्छ, हाम्रो जीवनमा सारा कपटीपन र झूट हटाउनु पर्छ, किनकि झूटले शैतान, झूटको पिताको लागि ढोका खोलिदिन्छ।

धार्मिकताको छातीपाता

छातीपाताले मुख्य अङ्गको सुरक्षा गर्दछ। त्यसरी नै, विश्वासीहरु भएको हैसियतमा, हामीले पनि "धार्मिकता" अर्थात, सम्पूर्ण विश्वासयोग्यता र ठीक चालचलनद्वारा हाम्रो हृदयको सुरक्षा गर्नुपर्दछ। यो संसारको अन्यायको विरुद्ध मण्डलीले अगुवाइ गर्नैपर्छ। (याकूब २:१-९, ५:१-११, आमोस २:६-८, ३:९-१०, ४:१-५, ५:६-१५)

तयारी खुट्टाहरु

हरेक स्थानमा अनि कुनै पनि समय, शान्तिको सुसमाचार सुनाउन जानको लागि तयारी खुट्टाहरु हुनुपर्‍यो। यसले शान्ति ल्याउँछ अनि रीस र हिंसालाई टाडो लैजान्छ। यसको अर्थ यो पनि हो कि इसाईहरुको माझमा शान्ति र एकता कायम राख्दछ। (मत्ती ५:९, एफिसी ४:१-६)



विश्वासको ढाल

ढाल बोकी लैजानु मिल्ने अनि सारा शरीरको सुरक्षा गर्न सक्ने हुन्छ । आगोसहितको काँडहरु प्रतिरोध गर्न सकिने छालाद्वारा यसलाई मोहोरिएको हुन्छ । यसरी, शैतानले हाम्रो विरुद्ध पठाएको जल्दो आत्मिकी काँडको विरुद्ध हामी विश्वासद्वारा सुरक्षित भएका हुन्छौं । विश्वासद्वारा हामीले आफूलाई अनि आफ्नाहरु (मण्डली, पति वा पत्नी, नानीहरु, व्यवसाय, आदि) लाई जोगाउन सक्छौं ।

मुक्तिको टोप

टोपले शिरको सुरक्षा गर्दछ । यसरी जब शैतानले हामीमाथि डर, घृणा, शङ्का, खिन्नता अनि भरोसाको अभावले बनिएको बम प्रहार गर्दछ, तब हाम्रो सुरक्षा मुक्ति हो ।

ख्रीष्टमा हाम्रो विगतका
पापहरुको पूर्ण क्षमा, अनि
भविष्यमा आइपर्ने परीक्षामाथि



विजय हुने सामर्थ्य छ। साथै, खीष्टले क्रूसमा विजय हासिल गरिसक्नुभएको हुनाले, हामीलाई "दोष्याउने" शैतानले हामीलाई परमेश्वरको अघि पक्कासँग दोष्याउन सक्दैन। (लूका १०:१८)

आत्माको तरवार, जोचाहिँ परमेश्वरको वचन हो

तरवार आक्रमण अनि सुरक्षा दुवैको निम्ति एक विशेष हतियार हो। त्यस्तै गरी परमेश्वरको वचन पनि हो। यसैद्वारा, हामी झूटा शिक्षाहरुसंग जोगिएर रहन सक्छौं भने यसैद्वारा सत्यको विरुद्ध दुष्टलाई आक्रमण गर्न सक्छौं, जसरी हाम्रा प्रभु येशूले पनि बढो प्रभावशाली ढङ्गमा वचनको तरवार चलाउनु भई शैतानलाई पराजित गर्नुभयो। (मत्ती ४:१-११)

प्रार्थना

हामीले आफ्नै निम्ति, मण्डलीको निम्ति, अनि परमेश्वरको राज्य सुसमाचारद्वारा बढोस् भनी निरन्तर प्रार्थना गरिरहनु पर्दछ ।

परमेश्वरको हतियारसम्बन्धी सातवटा क्रियाकलापहरुमुनि रेखाङ्कित गर्नोस् (तीनवटा असल कुराहरु पनि छन्, तर तिनीहरु हतियारका भागहरु होइनन् !):

अ) सधैं सत्य बोल्नु ।
आ) विश्वविद्यालयको शिक्षा लिनु ।
इ) एक धार्मिक अनि न्यायी जीवन जिउनु ।
ई) अर्को व्यक्तिसित येशू ख्रीष्टको सुसमाचार सुनाउनु ।
उ) विरोधीहरुको आक्रमण हुँदा प्रभुमा विश्वास राख्नु ।
ऊ) सेवाहरुको निम्ति सुन्दर भवन हुनु ।
ऋ) येशूमा विश्वास राखेर बाँचेका छौं भनी भरोसा गर्नु ।
ए) परमेश्वरको वचनद्वारा परीक्षाको विरोध गर्नु ।
ऐ) निरन्तर प्रार्थना गरिरहनु ।
ओ) मण्डलीलाई स्पष्ट विधानहरु प्रदान गर्नु ।

उत्तरः अ, इ, ई, उ, ऋ, ए अनि ऐ ठीक छन् ।

खीष्टमा विजय

मानिसहरुलाई खीष्टमा स्वतन्त्रता पाउन सहयोग गर्नको निम्ति, तिनीहरुलाई उनीहरुको कष्टको कारण पत्ता लाउन सहायता गर्नोस् । खुला भएर उनीहरुको विगत जीवनबारे सोध्नोस्, विशेष झूटा धर्म, तान्त्रिक विद्याहरु, अनि यौन अनैतिकतातिर लागेका थिए कि भनेर पत्ता लाउनोस् ।

एक घायल व्यक्तिले छुटकारा पाउनै चाहन्छ, अनि हाम्रा प्रभु येशू खीष्टमा छुटकारा दिलाउने शक्ति छ भनेर हामी विश्वास गर्नुपर्छ ।

कहिले काहीँ, प्रभु येशू ख्रीष्टले दिनुभएको शक्तिद्वारा व्यक्तिहरु स्वयंले शैतानिक बन्धनहरु चुडाल्न सक्छन् ।

निम्न कदमहरु चाल्न तपाईंले व्यक्तिलाई अगुवाइ गर्नसक्नुहुन्छ:

१. विश्वासद्वारा, तिनीहरुको जीवन ख्रीष्टमा दिनु अर्थात उनीहरुको जीवनको हरेक भाग ख्रीष्टको प्रभुत्वमा समर्पित गर्नु ।

२. तिनीहरुलाई कठीन भइरहेको पाप र परीक्षालाई मानिलिएर त्याग्नु ।

३. ख्रीष्टको भएपछि उनीहरुको हुनुपर्ने अधिकार र शक्ति आफ्नो बनाउने, अनि आफै हुकुमत गर्न चाहने कुनै पनि दुष्टात्मालाई दुत्कारिदिने । यो हामीले अति सरल प्रार्थनाद्वारा गर्नसक्छौं, जस्तै, "येशू ख्रीष्टको नाउँमा, म तँलाई आज्ञा गर्दछु, ए (डरको, लोभको, समलैङ्गिकताको, इत्यादिको) आत्मा, तैंले मलाई छोड्, अनि मेरो जीवनबाट तँ दूर भइजा ।"

४. जुन पापको विरुद्धमा उनीहरु संघर्षरत छन् त्यससित सम्बन्धित थोकहरु नष्ट गर्नु, जस्तै तन्त्रमन्त्रका थोकहरु अथवा पुस्तकहरु, आदि ।

५. येशू ख्रीष्टको नाउँमा कुनै पनि देखिने आत्मालाई परित्याग गर्न आज्ञा गर्नोस् । त्यो घायल व्यक्तिलाई छुटकाराको निम्ति प्रार्थना गर्न लाउनोस् । त्यस पछि त्यो व्यक्ति पवित्र आत्माले भरिऊन् भनेर प्रार्थना गर्नोस्, अनि पछिबाट हुने शैतानको कुनै पनि आक्रमणलाई विरोध गर्न अनि त्यसको पेलाइबाट बँच्न समर्थ बन्नेछ ।

शैतान उत्रिएर गएको नाङ्गो आँखाले नदेखिएला, तर त्यो घायल व्यक्तिलाई बुझाइदिनोस् कि उसले छुटकाराको निम्ति दृढतापूर्वक विश्वास गर्नुपर्छ, अनि शैतानले उनीहरुको जीवनमा ल्याउने शङ्काको कुनै पनि प्रयासलाई इन्कार गर्नुपर्छ ।

दुष्टात्माबाट दासत्वमा परेकाहरुको छुटकारा

भूतात्माबाट छुटकारा पाउनको निम्ति विश्वास र ख्रीष्टमा हामीले पाएको अधिकारमा दृढता चाहिन्छ । यदि तपाईं अनुभवहीन हुनुहुन्छ भने, एकलै यो काम गर्ने प्रयास नगर्नोस् ।

भूतात्माबाट छुटकारा दिलाउनको लागि घण्टौं अथवा कति सेसनहरु लाग्न सक्छ। भूतात्माहरुलाई कहिल्यै पनि अनावश्यक ध्यान नदिनु होस्। कति व्यक्तिहरु घायल भएर बस्न मन पराउँछन्। गाली गरेरै भए पनि, हामीले त्यसलाई ध्यान दिएको भूतात्माले मन पराउँछ। तिनीहरुको खेल नखेल्नु होस्! तिनीहरुलाई येशूको नाउँमा दूर भागिजानको लागि अह्राउनु होस्, त्यसपछि तिनीहरुलाई वास्तै नगर्नोस्, नत्रभने त्यसले हामीलाई ठूलो खति पुऱ्याउन सक्छ।

शैतानमाथि कुनै पनि इसाईको अधिकार रीतिविधि अथवा धार्मिक फर्मूलामा रहेको हुँदैन, तर ख्रीष्टमा हाम्रो स्थानमा रहेको हुन्छ, हामी जीवित परमेश्वरका छोराहरु हौं। हामीले येशूको नाउँमा काम गर्नुपर्छ। यसमा कुनै जादूमन्त्र हुन्छ भनेर होइन, तर उहाँको नाउँमा मात्र शैतानले हार मान्दछ।

येशूको नाउँमा दुष्टात्माहरुको सामना गर्न, हामीले राजाहरुका राजाको सम्पूर्ण अधिकारमा विश्वास गर्नैपर्छ अनि येशूले शैतानमाथि विजय हासिल गर्नुहुन्छ भनी साँच्चै निश्चिन्त हुनुपर्छ।

कसैलाई दुष्टात्माबाट छुटकारा दिलाउनको निम्ति, यस सेवकाइमा अनुभवी मानिसहरुले प्रायः जसो गरी निम्न कुराहरु गर्दछन्:

१. घायल व्यक्तिलाई उसका पापहरु मानिलिन लगाउँछ जुन पापले गर्दा उसको जीवनमा दुष्टात्माले प्रवेश पाएको छ। जीवित खीष्टको बलिदान अनि क्रूसको विजयतिर उसको ध्यान खिँच्नोस् (यशैया ५३:४-६, कलस्सी २:१३-१५)। शैतानले आधिकारिक रुपमा उसलाई कब्जामा ल्याउने आधारहरु हटाइदिनोस् (एफिसी ४:२७, यूहन्ना १४:३०)।

२. घायल व्यक्तिले स्वीकार गरेको पाप त्याग्न लाउनोस् अनि उसलाई सारा दुष्टात्माको अत्याचारबाट स्वतन्त्र पार्न प्रभुसँग प्रार्थना गर्नोस्। पुरानो करारमा, जब इस्राएलीहरुले शत्रुहरुको अत्याचारबाट छुटकारा पाउन प्रार्थना गरे, प्रभुले तिनीहरुलाई छुटकारा दिनुभयो (न्याय ४:१-३)।

३. दुष्टात्माहरुलाई धपाउनोस्। जब एक दुष्टात्माले आफ्नो उपस्थिति प्रकट गर्दछ, येशूले तपाईंलाई दिनुभएको अधिकार प्रयोग गरेर यसलाई सोझै हकार्नोस्। यदि घायल व्यक्ति मार्फत दुष्टात्मा बोलिर

हेको छ भने, त्यसलाई चूप हुन आज्ञा गर्नोस् (मर्कूस १:२५)। दुष्टात्माहरुसित बातचीत गर्नु व्यर्थ छ, किनकि तिनीहरु ता स्वभावले नै झूट बोल्नेहरु हुन् (यूहन्ना ८:४४, १ तिमोथी ४:१)।

याद गर्नोस् भूतात्माहरु पनि थरथर काम्छन् (याकूब २:१९)। कुनै भूतात्माले कुनै व्यक्तिलाई झट्टै छोड्नु पनि सक्छ। यसले निकै हिंसात्मक ढङ्गमा अथवा शान्तभावमा छोडेर जानसक्छ। अनुभव र आत्मिक ज्ञानद्वारा ती दुष्टात्माहरुले त्यो व्यक्तिलाई कहिले छोड्यो भनी जान्न सकिन्छ।

४. पहिलेको घायल व्यक्तिलाई पुनर्स्थापित गर्नोस्। दुष्टात्माहरुले छोड्नेसाथ काम सकिँदैन। त्यो व्यक्ति पूर्ण रुपमा पुनर्स्थापित हुनुपर्दछ अनि उसले खीष्टमा दृढतापूर्वक खीष्टमा विश्वास गर्नुपर्छ, ताकि ती दुष्टात्माहरु फर्कन नसकून्। (मत्ती १२:४३-४५, मर्कूस ९:२५)

- दुष्टात्माहरुले छोडेर गएपछिको रित्तो ठाउँमा केवल येशूले मात्र भर्नसक्नुहुन्छ। यसकारण हामीले तिनीहरुलाई उनीहरुको जीवनमा खीष्टलाई ग्रहण गर्न सहायता गर्नुपर्छ।

- मानिसहरुलाई तिनीहरुको पापहरु मानिलिन सहयोग गर्नुहोस् अनि सबै प्रकारका दुष्टात्माहरु अनि तन्त्रमन्त्रहरु त्याग्न, अनि हरेक प्रकारको आत्मासितको सम्पर्कलाई तोड्न लाउनोस् ।

- दुष्टात्माले विशेष शास्ती दिएको क्षेत्रलाई जोड दिँदै, त्यो व्यक्ति पवित्र आत्माद्वारा भरिऊन् भनी प्रार्थना गर्नोस् । उदाहरणको लागि, यदि उनीहरुमा डरको आत्मा थियो भने, तिनीहरुले यसैमाथि विजय पाउनको निम्ति विश्वास गरुन्, अनि तिनीहरुको सारा भरोसा खीष्टमा राखून् भनी प्रार्थना गर्न सक्छौं ।

- दुष्टात्मालाई त्यागेको प्रमाणस्वरुप, त्यो व्यक्तिले कुनै पनि प्रकारका तन्त्रमन्त्र अथवा आत्मासम्बन्धी कुराहरु अथवा पुस्तकहरु नष्ट पार्नुपर्छ ।

- दुष्टात्मालाई फर्काउन सहयोग पुऱ्याउने कुनै पनि कुरोलाई हटाउनोस्, ताकि तिनीहरु फेरि फर्कन नसकून् । त्यो व्यक्तिमा देखिएको विशेष प्रकारका पापहरु हटाउनु आवश्यक पर्दछ, अनि तिनीहरुको विरुद्धमा पाप गर्नेहरु (जस्तै खरो स्वभावका बाबुआमा, साथीभाइ, गुरु, आदि) लाई क्षमा गर्नुपर्दछ ।

- परमेश्वरद्वारा छुटकारा पाएको व्यक्तिलाई परामर्श अनि इसाई जीवन जिउन, मण्डलीमा ग्रहण हुन, शिक्षा पाउन, संगति पाउन, प्रोत्साहन अनि स्वीकार पाउनको निम्ति सहयोगको खाँचो पर्दछ ।

- भूतात्माहरुद्वारा पेलिएकाहरुलाई सहयोग गरेपछि, हामी विजयद्वारा फुरुक्क पर्नुहुँदैन । हाम्रा प्रभु येशू खीष्टले भन्नुभयो, *"दुष्टात्माहरु तिमीहरुको वशमा छन् भनेर रमाउने होइन, तर तिमीहरुका नाउँ स्वर्गमा लेखिएका छन् भनेर नै रमाओ ।"* (लूका १०:२०)

अभ्यासको काम

- कुनै व्यक्ति शैतानले पेलिएको छ भनी तपाई निश्चित हुनुहुन्छ भने, उसको छुटकाराको लागि प्रार्थना र योजना मिलाउनोस् ।

- विश्वासीहरुलाई परिपक्व बनाउन यी निर्देशनहरु सिकाउनोस् अनि उनीहरु सेवकाइमा सहयोगी बन्नसक्नेछन् ।

- तपाईंको समुदायलाई कुप्रभाव पार्ने सारा शैतानिक शक्ति नष्ट होस् भनी तपाईंको समुदायको लागि प्रार्थना गर्नोस् ।

टिप्पणीहरु:

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

057NP01A-01